कम्पनीको नवौ साधारण सभामा आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुप्रति संचालक समितिको तर्फवाट हार्दिक आभार ब्यक्त गर्दछु । ग्राहक सेवामा निरन्तर समर्पित रही विगतका वर्ष भन्दा अझ बढी प्रतिफल शेयरधनी महानुभावहरुलाई उपलब्ध भएको कुरा उल्लेख गर्न पाउंदा हामी गौरबान्वीत भएका छौं । आगामी वर्ष शेयरधनी महानुभावहरुले प्राप्त गर्ने प्रतिफलमा अभिबृद्धि गर्ने समेत संकल्प गर्दछौ ।

आफ्नो अमूल्य समय दिई कम्पनीको प्रगती तथा सुधारको लागि साधारण सभामा मन्तव्य एवं सुझाव ब्यक्त गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । शेयरधनी महानुभावहरुवाट ब्यक्त विचार तथा सुझावको उच्च मूल्याँकन गरी तत्कालिन, मध्यकालिन तथा दीर्घकालिन समाधानको उपाय सहितको ठोस कार्यक्रम तयार गरी पेश गर्न संचालक समितिको मिति २०७३ चैत्र २ गते वसेको बैठकवाट ब्यबस्थापनलाई निर्देशन दिईसकिएको ब्यहोरा शेयरधनी महानुभावहरु समक्ष जानकारी गराउन चाहन्छु ।

कम्पनीको प्रगतीमा सदा झै समस्त शेयरधनी महानुभावहरुको सद्भाव, सहयोग र रचनात्मक सुझाव प्राप्त भईरहनेमा म विश्वस्त छु ।

अध्यक्ष

**महेन्द्रमान गुरुङ्ग**

सचिव, सुचना तथा सञ्चार मन्त्रालय